छिन्नमस्ता गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : संख्या : ..... मिति : २०८२ साल बैशाख ७

## भाग १

## छिन्नमस्ता गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## सखड़ा, सप्तरी

## मधेश प्रदेश, नेपाल

शैक्षिक गुणस्तर वृद्धि गर्ने सन्दर्भमा छिन्नमस्ता गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा शिक्षक अभाव परिपूर्ति गर्नका लागि करारमा स्वयंसेवक (अनुदान) शिक्षक व्यवस्था गर्न बनेको

स्वयंसेवक (अनुदान) शिक्षक व्यवस्थापन कार्यविधि, २०८२

(गाउँ कार्यपालिकाको मिति २०८२/०१/०७ को निर्णय)

विद्यानन्द चौधरी
गाउँपालिका अध्यक्ष

# स्वयंसेवक (अनुदान) शिक्षक व्यवस्थापन कार्यविधि, २०८२
## छिन्नमस्ता गाउँपालिका, सखडा सप्तरी

प्रस्तावना

छिन्नमस्ता गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा विद्यमान शिक्षक अभाव परिपूर्ति गर्ने, पठनपाठनमा सहजता प्रदान गर्ने र शैक्षिक गुणस्तरमा सुधार ल्याउने उद्देश्यले नेपालको संविधान (२०७२) को अनुसूची ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा उल्लेखित आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले छिन्नमस्ता गाउँपालिका, गाउँ कार्यपालिका, छिन्नमस्ता, सप्तरीले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम "स्वयंसेवक (अनुदान) शिक्षक व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२)यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई प्रमाणीकरण भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषा :विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क)"स्वयंसेवक (अनुदान) शिक्षक" भन्नाले यसै कार्यविधि बमोजिम नियुक्त अनुदान शिक्षक सम्झनुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले छिन्नमस्ता गाउँपालिका, सखडा, सप्तरी सम्झनुपर्छ।

(ग) "गाउँ सभा" भन्नाले छिन्नमस्ता गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले छिन्नमस्ता गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ङ) "प्रमुख" भन्नाले छिन्नमस्ता गाउँपालिकाको गाउँपालिकाको प्रमुखसम्झनुपर्छ।

(च) "कार्यालय" भन्नाले छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सखडा, सप्तरी सम्झनुपर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले छिन्नमस्ता गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(ज) "समिति" भन्नाले स्वयंसेवक अनुदान शिक्षक छनौटका लागि गठित स्वयंसेवक अनुदान शिक्षक छनौट तथा सिफारिस समिति सम्झनुपर्छ।

(झ) "परीक्षा" भन्नाले स्वयंसेवक अनुदान शिक्षक छनौटका लागि समितिद्वारा सञ्चालन गरिने लिखित परीक्षा, प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्तामध्ये कुनै एक परीक्षा वा दुई वा तीनवटै परीक्षा सम्झनुपर्छ।

(ञ) "विद्यालय" भन्नाले छिन्नमस्ता गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक आधारभूत (०-८) तथा माध्यमिक (९-१२)विद्यालय सम्झनुपर्छ।

(ट) "इकाइ" भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ सम्झनु पर्छ।

३. कार्यविधिको उद्देश्य :यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक आधारभूत तथा माध्यमिक विद्यालयहरूमा शिक्षक अभाव परिपूर्ति गर्नस्वयंसेवक शिक्षकहरूको छनौट तथा सिफारिसका लागि परीक्षासञ्चालन गर्ने,

(ख) शिक्षक अभाव भएका सामुदायिक विद्यालयहरूको पठनपाठन प्रक्रिया व्यवस्थित गर्ने,



छिन्नमस्ता गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छिन्नमस्ता, सप्तरी मधेश प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत

(ग) सामुदायिक विद्यालयहरूको सेवा प्रवाह एवम् शैक्षिक गुणस्तर सुधार गर्ने,
(घ) गाउँपालिकाबाटहुने स्वयंसेवक शिक्षक भर्ना प्रक्रियालाई व्यवस्थित तुल्याउन सघाउ पुऱ्याउने ।
(ङ) योग्यताक्रमका आधारमा निर्धारित संख्यामा स्वयंसेवक शिक्षक छनौट गरी नियुक्तिका लागि गाउँपालिकामा सिफारिस गर्ने ।

## परिच्छेद-२

## स्वयंसेवक (अनुदान) शिक्षक कोटा निर्धारण र वितरण व्यवस्था

४. स्वयंसेवक शिक्षक कोटा निर्धारण र वितरण :

(१) गाउँपालिकाको आफ्नै आन्तरिक स्रोत तथा संघीय राजस्व बाँडफाँडबाट व्यहोर्ने गरी गाउँ कार्यपालिकाको निर्णय बमोजिम स्वयंसेवक शिक्षक कोटा (संख्या) निर्धारण गर्नेछ । कोटा निर्धारण गर्दा तहगत र विषयगत आधारमा विद्यालयगत कोटा यकिन गर्नुपर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा स्वयंसेवक शिक्षक कोटा (संख्या) वितरण गर्दा देहाय बमोजिमका आधारमा गरिनेछ :

(क) विद्यालयहरूमा अध्ययनरत विद्यार्थी संख्या एवम् शिक्षक संख्याका आधारमा शिक्षक अभाव रहे/नरहेको तथा सहज ढंगले पठनपाठन हुनसक्ने वा हुननसक्ने यकिन गरी विद्यालयगत रुपमा कोटा निर्धारण गरिनेछ ।

(ख) कक्षागत र विषयगत शिक्षक नपुग भएका सामुदायिक विद्यालयहरुमा कक्षागत रुपमा प्रति कक्षान्यूनतम २० जना विद्यार्थी भएमा स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराउन सकिनेछ । तर, माथिल्लो तहमा एकजना पनि शिक्षक दरबन्दी वा राहत अनुदान नभएमा तल्लो तहमा विद्यमान शिक्षक संख्या कक्षागत रुपमा अपुग भएमा स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराउन सकिनेछ ।

(ग) सेवाक्षेत्रको जनसंख्या र विद्यार्थी संख्या न्यून भएमा एवम् भौतिक पूर्वाधार कमजोर रहेको विद्यालयमा स्वयंसेवक शिक्षक कोटा उपलब्ध गराइने छैन ।

(घ) स्वयंसेवक शिक्षक कोटा पाउनका लागि अनुमती लिएको अन्तिम कक्षा सञ्चालन भएको कम्तीमा २ वर्ष पूरा भएको हुनुपर्नेछ ।

(३)पहिलो पटकका लागि चाहिने कुल स्वयंसेवक शिक्षक संख्या यकिन गर्दा विद्यालयमा आवश्यक तहगत एवम् विषयगत शिक्षक संख्या र गाउँपालिकाको आन्तरिक स्रोतका आधारमा गरिनेछ ।

(४) विद्यालयगत रुपमा वितरण गरिने कोटा अनुसार स्वयंसेवक शिक्षक खटिँदा समेत सहजरुपमा विद्यालय सञ्चालन हुन नसकेको र शैक्षिक गुणस्तर सुधारमा टेवा पुग्न नसकेको व्यहोरा गाउँपालिकाबाट गरिएको अनुगमन प्रतिवेदन र वडा कार्यालयको सिफारिस प्राप्त भएमा प्रभाव मूल्याङ्कन गरी गाउँ कार्यपालिकाले कोटा पुनर्वितरण एवम् फिर्ता गर्नसक्ने छ ।

## परिच्छेद-३

## छनौट तथा सिफारिस समिति सम्बन्धी व्यवस्था

५. छनौट तथा सिफारिस समितिको गठन :



छिन्नमस्ता गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छिन्नमस्ता, सप्तरी मधेश प्रदेश नेपाल

(१) निर्धारित पदमा स्वयंसेवक शिक्षकछनौट गर्नका लागि देहायबमोजिमका पदाधिकारीहरू रहने गरी स्वयंसेवक अनुदान शिक्षक छनौट तथा सिफारिस समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी......... ........संयोजक

(ख)गाउँ शिक्षा समितिका सदस्यहरु मध्येबाट सो समितिका अध्यक्षले तोकेको एक जना .....सदस्य

(ग) सम्बन्धित विषयको विषय विशेषज्ञ दुइ जना ................................... ...........सदस्य

(घ) शिक्षा शाखा प्रमुख...........................................................................सदस्य-सचिव

समतिले आवश्यक ठानेमा सम्बन्धित क्षेत्रका विज्ञलाई समेत समितिमा आमन्त्रण गर्न सक्नेछ ।

(२) तहगत र विषयगत आवश्यकताका आधारमा समितिको सिफारिसमा विषयगत विशेषज्ञहरू स्वयंसेवक शिक्षक छनौटका लागि लिइने परीक्षा सम्बन्धी कार्यमा आमन्त्रण गर्नसक्नेछ ।

(३) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित शाखामा रहनेछ ।

(४)शिक्षक छनौट समितिले शिक्षक सिफारिसका लागि लिइने परीक्षाको केन्द्र गाउँपालिकामा वा गाउँपालिकाले तोकेको स्थानमा हुनेछ ।

(५) उपनियम (१) को (ग) प्रयोजनको लागि शिक्षा विकास तथा समन्वय इकाइ तथा स्थानीय तहमा विशेषज्ञको सूचीमा सूचीकृत विज्ञहरु रहनेछन् ।

(६) शिक्षक छनौटसमितिको कार्यसञ्चालन एवम् बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

६. स्वयंसेवक शिक्षक छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार :

(१) छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) गाउँ कार्यपालिकाको निर्णयानुसार सामुदायिक विद्यालयहरूका लागि तोकिएका पद संख्यामा स्वयंसेवक शिक्षक करार नियुक्ति गर्न प्रतियोगितात्मक परीक्षा सञ्चालनका लागि विज्ञापन प्रकाशन गर्ने,

(ख) विज्ञापनमा तोकिएको योग्यता पुगेका उम्मेदवारहरूको छनौट तथा सिफारिस गर्न लिखित परीक्षा, प्रयोगात्मक परीक्षा (आवश्यकतानुसार) र अन्तर्वार्ता सञ्चालन गर्ने,

(ग) लिखित तथा आवश्यकतानुसार प्रयोगात्मक परीक्षाबाट उत्तीर्ण हुने उम्मेदवारहरूमध्ये आवश्यक पद संख्याको २० प्रतिशत उम्मेदवार थप गरी अन्तर्वार्ताका लागि छनौट गर्ने, तर अन्तिम क्रमसंख्यामा एक जनाभन्दा बढी उम्मेदवारले बराबर अङ्क प्राप्त गरेमा त्यस्तो सबै उम्मेदवारको नाम प्रकाशन गर्ने,

(घ) अन्तर्वार्ताका लागि छनौट भएका उम्मेदवारहरूको अन्तर्वार्ता सञ्चालन गरीआवश्यक संख्यामा सफल उम्मेदवारहरू छनौट तथा नियुक्तिका लागियोग्यताक्रम सहित सिफारिस गर्ने र उपलब्ध भएसम्मआवश्यक पद संख्याको १० प्रतिशत उम्मेदवारहरू थप गरी वैकल्पिक योग्यताक्रमसूची प्रकाशन गर्ने ।

७. शैक्षिक योग्यता, उमेरको हद र परीक्षा, दस्तुर :विज्ञापन हुने तहगत र विषयगत स्वयंसेवक शिक्षक पद संख्या, परीक्षाको किसिम, आवश्यक न्यूनतम योग्यता, उमेरको हद, परीक्षा दस्तूरलगायतका अन्य विषयहरू विज्ञापन/सूचनामा उल्लेख भएबमोजिम हुनेछ । परीक्षा दस्तूर प्राथमिक तह रु. ७००। (सात सय मात्र), निम्नमाध्यमिक तह रु. १०००। (एक हजार) र माध्यमिक तह रु. १२००। (एक हजार दुई सय) लाग्नेछ ।



छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश नेपाल

परिच्छेद-४

उम्मेदवारको योग्यता, लिखित तथा प्रयोगात्मक परीक्षा, अन्तर्वार्ता र सिफारिस सम्बन्धी व्यवस्था

८. योग्यता तथा तालिमसम्बन्धी व्यवस्था :

(१)स्वयंसेवकको पदमा उम्मेदवार हुनका लागि देहायबमोजिमको योग्यता पुगेका नेपाली नागरिक मात्र योग्य हुनेछन् :

(क) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको, मगज नबिग्रेको, नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार नठहरिएको तथा भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बर्खास्त नभएको,

(ख) आधारभूत तह (कक्षा ०-५) प्राविको लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा शिक्षाशास्त्रमा कक्षा ११-१२ उत्तीर्ण गरेको र आधारभूत तह (कक्षा ६-८) निमाविको लागि सम्बन्धित विषयमा शिक्षाशास्त्रमा प्रवीणता प्रमाण पत्र तह वा शिक्षाशास्त्रमा कक्षा ११-१२ उत्तीर्ण गरेको,

(ग) माध्यमिक तह (कक्षा ९-१०) को लागि सम्बन्धित विषयमा शिक्षाशास्त्रमा स्नातक तह उत्तीर्ण गरेको र माध्यमिक तह (कक्षा ११-१२) का लागि सम्बन्धित विषयमा शिक्षाशास्त्रमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(घ) तह अनुसारको अध्यापन अनुमति पत्र लिएको।

९. पदपूर्तिको माध्यम :

(१) स्वयंसेवक शिक्षक पदपूर्तिका लागि छनौट तथा सिफारिस समितिले देहायबमोजिमकोप्रक्रिया अवलम्बन गरी वस्तुगत, लिखित परीक्षा, प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्तासञ्चालन गर्नेछ :

(क) वस्तुगत परीक्षाको पूर्णाकं १००, उत्तिर्णाकं ५० र समय १ घण्टा अथवा शिक्षक सेवा आयोगको पाठयक्रमले तौंकेबमोजिम हुनेछ।

(ख) लिखित परीक्षाकोपूर्णांक १००, उत्तीर्णांक ४० र सम्‍य ३ घण्टा हुनेछ।

(ख) आवश्यकतानुसार लिइने प्रयोगात्मक परीक्षाको १० अंक हुनेछ।

(ग) वस्तुगत परीक्षामा उत्तिर्ण भएपछी मात्र लिखित परीक्षामा सहभागी गराइनेछ।

(घ) अन्तर्वार्ताको १५ अंक हुनेछ, जसमध्ये :

- शैक्षिक योग्यतावापत प्रथम श्रेणीको ३ अंक, द्बितीय श्रेणीको २ अंक र तृतीय श्रेणीको १ अंक हुनेछ।
- शिक्षण अनुभववापतसम्बन्धित तह र विषयमा अस्थायी करार शिक्षक भई शिक्षण गरेको भए ५ वर्षसम्मको अनुभव भए १ अंक र सोभन्दा माथिको अनुभव भए २ अंक हुनेछ।
- व्यक्तिगत अन्तर्वार्ताको १० अंक हुनेछ, जसमा व्यक्तित्ववापत २ अंक, प्रस्तुतीकरणवापत २ अंक, शिक्षण विधि एवम् शिक्षा मनोविज्ञान सम्बन्धी ज्ञानको २ अंक र सम्बन्धित विषयवस्तुको ज्ञानको ४ अंक रहनेछ।

(ङ) अन्य कुराहरु शिक्षक सेवा आयोगको पाठयक्रमले तोकेबमोजिम हुनेछ।

१०. लिखित परीक्षाको पाठ्यक्रम र अंकभार :

(१) तहगत तथा विषयगत रुपमा शिक्षक सेवा आयोगबाट खुला प्रतियोगितात्मक परीक्षाको निर्धारित पाठ्यक्रम र अंकभार नै स्वयंसेवक शिक्षक छनौटका लागि लिइने परीक्षाको पाठ्यक्रम र अंकभार हुनेछ।



गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश नेपाल

११. प्रश्नपत्र निर्माण र परीक्षा सञ्चालन :

(१) समितिले पदपूर्ति हुने पदको प्रकृति अनुसार बहालवाला शिक्षक वा सेवा निवृत्त शिक्षक वा विषयविज्ञबाट प्रश्नपत्र निर्माण र परिमार्जन गर्नसक्नेछ ।

(२) तोकिएको मिति, समय र स्थानमा परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

(३) लिखित परीक्षाको केन्द्राध्यक्ष समितिका संयोजक आफैं वा निजले तोकेको कर्मचारी वा व्यक्ति हुनेछ । संयोजकले परीक्षा सञ्चालन गर्नका लागि आवश्यक संख्यामा निरीक्षक खटाउन सक्नेछ ।

(४)समितिका पदाधिकारी, खटिएका सुरक्षाकर्मी, परीक्षार्थी, गाउँपालिका अध्यक्ष, समितिका संयोजकबाट अनुमति प्राप्त कर्मचारी वा प्रतिनिधिबाहेक अन्य व्यक्तिलाई परीक्षा भवनमा प्रवेश गर्न दिइने छैन ।

१२. उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन :

(१)उत्तरपुस्तिका परीक्षण गर्ने विशेषज्ञले उम्मेदवारको पहिचान गर्न नसक्ने गरी लिखित परीक्षाको उत्तरपुस्तिकामा समितिद्वारा कोडिङ (संकेत) गर्नुपर्नेछ ।

(२)कोडिङ भएको उत्तरपुस्तिका सम्बन्धित विषय विशेषज्ञबाट परीक्षण र समपरीक्षण गराउनुपर्ने छ । समितिले उत्तरपुस्तिका परीक्षण गर्ने विधि तथा प्रक्रिया विषय विशेषज्ञलाई उपलब्ध गराउनेछ ।

(३) विषयविज्ञले समय मै उत्तरपुस्तिका परीक्षण गरी परीक्षण भएको उत्तरपुस्तिका सिलबन्दी गरी समितिका संयोजकलाई बुझाउनुपर्ने छ ।

(४)सिलबन्दी गरिएको उत्तरपुस्तिका समितिका सम्पूर्ण पदाधिकारीहरूको उपस्थितिमा खोली सामूहिक रुपमा रुजु गरी आवश्यक पद संख्याको २० प्रतिशत उम्मेदवार थप गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरूकोनाम नेपाली वर्णानुक्रम अनुसार समावेश गरी लिखित परीक्षाको नतिजा प्रकाशन गर्नुपर्ने छ ।

१३. प्रयोगात्मक परीक्षा, अन्तर्वार्ता र अन्तिम नतिजा प्रकाशन :

(१) लिखित परीक्षामा सफल उम्मेदवारहरूलाई मात्र प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा सहभागी गराइनेछ । तर, आवश्यक परेमा मात्र प्रयोगात्मक परीक्षा सञ्चालन गरिनेछ ।

(२) प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) समिति आफैंले अन्तर्वार्ता लिनसक्नेछ । तर, आवश्यक परेमा समितिले विषय विशेषज्ञताका आधारमा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी वा अन्यत्रबाट थप कर्मचारी/विषयविज्ञ मनोनयन गर्नसक्ने वा छुट्टै अन्तर्वार्ता समिति गठन गरी कार्य जिम्मेवारी दिनसक्ने छ ।

(४) अन्तर्वार्तामा रहने पदाधिकारीहरूले अन्तर्वार्तामा छुट्टाछुट्टै अंक प्रदान गर्नेछन् र सबै अन्तर्वार्ताकारहरूले प्रदान गरेको अंकहरूको औसत गणना गरी उम्मेदवारले लिखित परीक्षा, प्रयोगात्मक परीक्षा भए सो परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको अंक जोडी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरूलाई समितिको निर्णयअनुसार आवश्यक संख्यामा सफल उम्मेदवार र वैकल्पिक उम्मेदवारहरूको नामावलीसहितको अन्तिम नतिजा प्रकाशन गर्नेछ ।

(५) समितिले अन्तिम नतिजामा परेका सफल उम्मेदवारहरूलाई करार स्वयंसेवक शिक्षक पदमा नियुक्तिका लागि सिफारिस सहित शिक्षा समितिमा निर्णयको लागि पेश गर्नुपर्नेछ ।

## परिच्छेद-५

## उजुरी तथा नियुक्ति सम्बन्धी व्यवस्था

१४. उजुरी दिनसक्ने तथा उजुरी उपर कार्यवाही सम्बन्धी व्यवस्था :



छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी
मधेश प्रदेश नेपाल

(१) अन्तिम नतिजा प्रकाशन तथा सिफारिस सम्बन्धमा कुनै उम्मेदवारलाई चित्त नबुझेमा गाउँ कार्यपालिकाको कार्यालयमा रु. १,०००/- को रसिदसहित अन्तिम नतिजा प्रकाशन भएको मितिले ७ दिनभित्र गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ ।

(२) गाउँपालिका समक्ष उजुरी प्राप्त भएपछि गाउँपालिका अध्यक्ष स्वयम्ले वा छानवीन समिति गठन गरी उजुरीको म्याद समाप्त भएको ५ दिनभित्र समितिका सबै पदाधिकारीहरूको उपस्थितिमा उजुरी उपर कार्यवाहीको निर्णय दिनुपर्नेछ ।

(३) उजुरी उपर गाउँपालिका अध्यक्ष तथा गाउँ कार्यपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१५. करार नियुक्ति सम्बन्धी व्यवस्था :

(१) सिफारिस उपर उजुरी परेको खण्डमा उजुरी उपर कार्यवाहीको निर्णय पश्चात् र उजुरी नपरेको अवस्थामा गाउँ कार्यपालिकाको कार्यालयले एक शैक्षिक सत्रसम्मको लागि सेवा करार सम्झौता गरी स्वयंसेवक शिक्षक पदमा नियुक्ति गर्नुपर्नेछ र एक शैक्षिक सत्र पछि निजहरुको काम संतोषजनक देखिएमा प्रत्येक ६/६ महिनामा करार म्याद थप गर्नुपर्नेछ । यसरी नियुक्ति गर्नुअघि पदस्थापन हुने विद्यालयहरूको सूची प्रकाशन गर्ने र सफल उम्मेदवारहरूलाई पदस्थापन हुने विद्यालय समेत खुलाई नियुक्ति दिनुपर्ने छ ।

(२) करारमा नियुक्ति हुने स्वयंसेवक शिक्षकको कार्यसम्पादन सन्तोषजनक रहे नरहेको व्यहोरा सम्वन्धित विद्यालयको प्रधानाध्यापकले रायसहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(३) करारमा नियुक्त स्वयंसेवक शिक्षकको सेवा सुविधा सेवा करार सम्झौतामा उल्लेख भएअनुसार हुनेछ ।

## परिच्छेद-५

## विविध

१६. दरखास्त दस्तुर, समितिका पदाधिकारीहरूको सुविधा,विदा, परीक्षा सञ्चालन खर्च तथा अन्य खर्च :

(१) दरखास्त दस्तुर समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) विज्ञापन प्रकाशन भएको मितिले अन्तिम नतिजा प्रकाशन भएको मितिसम्म समितिका पदाधिकारीहरूलाई खाजा वापत काम गरेको दिनको प्रतिदिन रु. २००/- उपलब्ध गराइनेछ ।

(३) समितिको बैठकको दिन समितिका पदाधिकारी, समितिले आवश्यक ठानेका आमन्त्रित सदस्यले बैठक भत्ता र परीक्षा सञ्चालन भएको दिनको समेत समितिका पदाधिकारी, केन्द्राध्यक्ष, निरीक्षक, अनुगमनकर्ता समेतलाई पारिश्रमिक वापत रु. १,२००/- मा कर कटाई बाँकी रकम उपलब्ध गराइनेछ ।

(४) पदपूर्ति सम्वन्धी कामको सिलसिलामा खटिने पदाधिकारीहरूलाई अतिरिक्त समय काम गरेवापत प्रतिदिन १ दिनको तलब बराबर अतिरिक्त भत्ता उपलब्ध गराइनेछ ।

(५) प्रश्नपत्र निर्माण गरेवापत प्रति सेट प्रश्नपत्र निर्माणका लागि लोक सेवा आयोगले तोकेको प्रचलित दर अनुसारको पारिश्रमिक उपलब्ध गराइनेछ ।

(६) प्रश्नपत्र परिमार्जन (मोडरेशन) गरेवापत प्रति सेट प्रश्नपत्र परिमार्जनका लागि लोक सेवा आयोगले तोकेको प्रचलित दर अनुसारको पारिश्रमिक उपलब्ध गराइनेछ ।

(७) उत्तरपुस्तिका परीक्षणमा खटिएवापत प्रति उत्तरपुस्तिका परीक्षणका लागि लोक सेवा आयोगले तोकेको प्रचलित दर अनुसारको पारिश्रमिक उपलब्ध गराइनेछ ।

**१७. स्वंयसेवक शिक्षकको सेवा, शर्त र सुविधा : स्वयंसेवक शिक्षकलाई निम्न बमोजिमको मासिक निर्वाह खर्चदिइनेछ ।**

क) स्वंयसेवक शिक्षक आधारभूत प्राथमिक तह (०-५) : रु. २५,०००।

ख) स्वंयसेवक शिक्षक आधारभूत निम्नमाध्यमिक तह (६-८) : रु. ३०,०००।



छिन्नमस्ता गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छिन्नमस्ता, सप्तरी मधेश प्रदेश नेपाल

CamScanner

(ग) स्वंयसेवक शिक्षक माध्यमिक तह (९-१०) : रु. ३५,०००।

पोशाक खर्च : वार्षिक रु १०,०००। (सबै तहका शिक्षकका लागि)

१८. विदा :स्वयंसेवक शिक्षकको विदा शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ मा उल्लेख भएअनुसार हुनेछ ।

१९. स्वयंसेवक शिक्षकको आचार संहिता : स्वयंसेवक शिक्षकले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ ।

(क) आफुले सम्झौता गरे अनुसारको कार्य इमान्दारीपूर्वक गर्ने।

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालय आए गएको समय जनाई हाजिर गर्ने र पहिले विदाको स्वीकृति नगराई विद्यालयमा अनुपस्थित नहुने।

(ग) कुनै भाषा, धर्म, संस्कृति, सम्प्रदाय विरोधी भावना शिक्षक तथा विद्यार्थी समक्ष फैलाउन नहुने।

(घ)नेपाल सरकार, गाउँपालिकाको विद्यमान नीति र व्यवस्थाको प्रतिकुल हुने गरी कुनै पनि कार्य नगर्ने।

(ङ) कुनै पनि राजनैतिक दलको कार्यकममा सक्रिय भई सरिक हुन नहुने।

२०. परीक्षा सञ्चालन खर्च :पदपूर्ति गर्दा परीक्षा सञ्चालनमा लाग्ने खर्च गाउँसभाबाट विनियोजन भएको शिक्षक स्वयमसेवक तर्फ शिर्षकबाट गर्ने तथा अपुग भएमा गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

२१.यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम हुने र उल्लेख नभएका विषयमा स्वयंसेवक अनुदान शिक्षक छनौट तथा सिफारिस समितिले निर्णय गरी निर्धारण गरेबमोजिम हुनेछ ।

२२. सम्बन्धित वडा कार्यालयबाट स्वयंसेवक शिक्षक छनौट सम्बन्धी व्यवस्था

(१) निर्धारित पदमा स्वयंसेवक शिक्षक छनौट गर्नका लागि देहायबमोजिमका पदाधिकारीहरू रहने गरी वडा स्तरमा स्वयंसेवक अनुदान शिक्षक छनौट तथा सिफारिस समिति रहनेछ :

(क) सम्वन्धित वडाको वडा अध्यक्ष...................................................... ........संयोजक

(ख)गाउँ शिक्षा समितिका सदस्यहरु मध्येबाट सो समितिका अध्यक्षले तोकेको एक जना .....सदस्य

(ग) सम्वन्धित विषयको विषय विशेषज्ञ दुइ जना ....................................... ...........सदस्य

(घ) शिक्षा शाखा प्रमुख.......................................................................सदस्य-सचिव

समतिले आवश्यक ठानेमा सम्वन्धित क्षेत्रका विज्ञलाई समेत समितिमा आमन्त्रण गर्न सक्नेछ ।

२३. संशोधन तथा हेरफेर : यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न आवश्यक ठानिएमा गाउँपालिकाको निर्णयानुसार गर्न सकिनेछ ।

विद्यानन्द चौधरी
गाउँपालिका अध्यक्ष



CamScanner

फोटो सहितको उम्मेदवारको दस्तखत

# अनुसूचि १

## छिन्नमस्ता गाउँपालिका, छिन्नमस्ता, सप्तरी

## स्वयंसेवक अनुदान शिक्षक पदको लागि आवेदन फारामको ढाँचा

विषय फरक भएमा छुट्टाछुट्टै फाराम भर्नु पर्नेछ। तर एउटै विषयको बढी समूहको लागि एउटै फाराम प्रयोग गर्नु पर्नेछ।

क. उमेदवारले सेवा गर्न चाहेको पद : ........................ विज्ञापन नं. ....................................

तह: .................................. विषय: ............................ समूह :..............................

ख. उमेदवारको वैयक्तिक विवरण :

उमेदवारको नामथर : देवनागरीमा : ....................................................................

In English Block Letter :..............................................................................

स्थायी ठेगाना : जिल्ला ........................... गा.पा./न.पा.:........................वडा नं. ...............

टोल ............................ घर नं. ........................... सम्पर्क नं. ....................................

पत्राचार गर्ने ठेगाना: जिल्ला ........................... गा.पा/न.पा: ........................ वडा नं ...........

टोल.............................. घर नं. ........................... सम्पर्क नं.....................................

बाबुको नामथर: .................................... आमाको नामथर: .........................................

बाजेको नामथर: ................................ श्रीमान्/श्रीमतीको नामथर: .......................................

जन्ममिति: .................................. हालको उमेर: .............. वर्ष ............. महिना ............ गते

ग. शैक्षिक योग्यता सम्वन्धि विवरण :

| विश्वविद्यालय/संस्था | शैक्षिक उपाधि | संकाय | श्रेणी/प्रतिशत | मुल विषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

घ. संलग्न कागजातहरुको विवरण (संलग्न प्रति समेत उल्लेख गर्ने)

१. ........................................................ २ ...................................................

३. ........................................................ ४......................................................

५. ........................................................ ६ ....................................................

७. ........................................................ ८.....................................................

ङ माथि उल्लेखित व्यहोरा ठीक साँचो हो भनी उम्मेदवारले सहीछाप गर्ने :

| उमेदवारको दायाँ बुढी औंलाको छाप | उमेदवारको वायाँ बुढी औंलाको छाप | दस्तखत | मिति |
|---|---|---|---|
| | | | |



छिन्नमस्ता गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छिन्नमस्ता, सप्तरी मधेश प्रदेश नेपाल

छिन्नमस्ता गाउँपालिका, छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश, नेपाल
स्वयंसेवक शिक्षक छनौट प्रतियोगिता
प्रवेश पत्र

फोटो सहितको उम्मेदवारको दस्तखत

**उमेदवारले भर्ने**

क. उम्मेदवारको नाम थर : ..............................................................................

ख. तह : ..................................................ग. विषय : ..................................................

घ. समूह :(एउटै विषयको फरक समूह भए सबै समूह र विज्ञापन नं. उल्लेख गर्ने): ..........................................

| | | |
|---|---|---|
| विज्ञापन नं. | | |
| समूह : | खुल्ला : | समावेशी |

ङ. स्थायी ठेगाना : जिल्ला ............................ गा.पा./न.पा : ............................ वडा नं. ...............

च. परीक्षार्थीको दस्तखत : ..................................

**सम्बन्धित कर्मचारीले भर्ने :**

मिति ...................... साल ...................... महिना ..................... गते बिहान/ दिउँसो ...............
बजे हुने स्वयंसेवक शिक्षक प्रतियोगितात्मक परीक्षामा तपाईंलाई सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त पूरा नगरेको ठहर भएमा जुनसुकै बखत यो प्रवेश पत्र रद्द हुनेछ। परीक्षा केन्द्र पछि तोकिने छ।

परीक्षा केन्द्र : .................................... रोल नं. .................... अधिकृतको दस्तखत .........................


छिन्नमस्ता गाउँपालिका, छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश, नेपाल
स्वयंसेवक शिक्षक छनौट प्रतियोगिता
प्रवेश पत्र

फोटो सहितको उम्मेदवारको दस्तखत

**उमेदवारले भर्ने**

क. उम्मेदवारको नाम थर : ..............................................................................

ख. तह : ..................................................ग. विषय : ..................................................

घ. समूह :(एउटै विषयको फरक समूह भए सबै समूह र विज्ञापन नं. उल्लेख गर्ने): ..........................................

| | | |
|---|---|---|
| विज्ञापन नं. | | |
| समूह : | खुल्ला : | समावेशी |

ङ. स्थायी ठेगाना : जिल्ला ............................ गा.पा./न.पा : ............................ वडा नं. ...............

च. परीक्षार्थीको दस्तखत : ..................................

**सम्बन्धित कर्मचारीले भर्ने :**

मिति ...................... साल ...................... महिना ..................... गते बिहान/ दिउँसो ...............
बजे हुने स्वयंसेवक शिक्षक प्रतियोगितात्मक परीक्षामा तपाईंलाई सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त पूरा नगरेको ठहर भएमा जुनसुकै बखत यो प्रवेश पत्र रद्द हुनेछ। परीक्षा केन्द्र पछि तोकिने छ।

परीक्षा केन्द्र : .................................... रोल नं. .................... अधिकृतको दस्तखत .........................

## अनुसूचि २

## स्वयंसेवक अनुदान शिक्षकसँग गाउँपालिकाले गर्ने सम्झौता पत्रको ढाँचा

छिन्नमस्ता गाउँपालिका, छिन्नमस्ता, सप्तरी (यसपछि प्रथम पक्ष मानिनेछ .............................. वडा नं. ......... बस्ने श्री .................................................. (यसपछिदोस्रो पक्ष मानिनेछ) बीच अनुदान शिक्षकको रुपमा मिति ............................ देखि मिति............................ सम्म ........................... तहमा ........................ विषयमा शिक्षण कार्य गर्न भएको सम्झौता ।

**(१) प्रथम पक्षले गर्नुपर्ने कार्यहरु :**

(क) स्वयंसेवक अनुदान शिक्षक व्यवस्थापन कार्यविधि २०८२ बमोजिम गाउँ सभाबाट विनियोजन भएको बजेटबाट निर्वाह खर्च बापतको रकम उपलब्ध गराउने ।

(ख) स्वयंसेवक अनुदान शिक्षक व्यवस्थापन कार्यविधि २०८२ बमोजिम विदाको सुविधा उपलब्ध गराउन सहजिकरण गर्ने।

(ग) आचार संहिता पालना गराउने।

(घ) नियमित रुपमा अनुगमन तथा पृष्ठपोषण प्रदान गर्ने।

**(२) दोस्रो पक्षले गर्नुपर्ने कार्यहरु :**

(क) विद्यालयमा नियमित रुपमा उपस्थित भई पठनपाठनमा (शैक्षिक क्रियाकलापमा) सहभागी हुने ।

(ख) नियमित पठनपाठनका साथै अतिरिक्त क्रियाकलाप तथा विद्यालयले दिएको अन्य जिम्मेवारी वहन गर्ने।

(ग) स्वयंसेवक अनुदान शिक्षक व्यवस्थापन कार्यविधि २०८२ बमोजिम अनुदान शिक्षकले गर्नुपर्ने आचार संहिता पालना गर्ने।

(घ) निर्वाह खर्च र पोशाक भत्ता वाहेक अन्य कुनै प्रकारको सेवा र सुविधा दावी नगर्ने।

| **प्रथम पक्षको तर्फबाट :** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नाम : | नाम : |
| पद : प्रमूख प्रशासकीय अधिकृत | ठेगाना : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |

प्रमुख प्रशासकीय अधिकृत

छिन्नमस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छिन्नमस्ता, सप्तरी
मधेश प्रदेश नेपाल